**12 April 2025**

यो आकाशवाणी हो

मुख्य समाचार

- पश्चिम बङ्गालको मुर्शिदाबाद हिंसामा तीनजनाको मृत्यु, धर्मको नाममा हिंसा नगर्न मुख्यमन्त्री सुश्री बेनर्जीको अपील
- भारतीय जनता पार्टीले अमेरिकी शुल्कको प्रभाव भारतमा न्यून हुने बतायो
- छत्तीसगढमा तीन माओवादी अनि जम्मू कश्मीरमा तीन आतङ्ककारी मारिए
- पर्यटन क्षेत्रको विकासका लागि सिक्किममा शुरु भयो अन्तराष्ट्रीय युवा सम्मेलन
- इन्डियन सुपर लिग फुटबलको फाइनल भिडन्त मोहन बागान र बेंगलुरुमाझ हुँदै, अनि
- आईपीएल क्रिकेटमा अहिले पञ्जाब र हैदराबादको भिडन्त हुँदै

अब समाचार विस्तारमा

पश्चिम बंगाल - वक्फ हिंसा

पश्चिम बंगालमा हिजो वक्फ संशोधन अधिनियम 2025 को विरोधमा भएको हिंसा अनि आगजनीपछि मुर्शिदाबाद जिल्लामा 3 जनाको मृत्यु भएको छ।

पश्चिम बंगालकी मुख्यमन्त्री सुश्री ममता बनर्जीले धर्मको नाममा हिंसा नगर्न जनतालाई अपिल गर्नुभएको छ। उहाँले हिंसामा संलग्न व्यक्तिलाई कारबाही गरिने बताउनु भएको छ। मुख्यमन्त्रीले वक्फ संशोधन अधिनियम **2025** पश्चिम बंगालमा लागू नहुने पनि बताउनु भएको छ।

मुर्शिदाबाद जिल्लाको सुती, समशेरगञ्ज, जलङ्गी, लालगोला र धुलियानमा स्थिति अहिले नियन्त्रणमा छ।

भारतीय जनता पार्टी भाजपा प्रदेश अध्यक्ष डा. सुकान्त मजुमदारले मुर्शिदाबाद जिल्लामा भएको हिंसामा केन्द्र सरकारको हस्तक्षेप आवश्यक रहेको बताउनु भएको छ। विपक्षी दलका

नेता श्री सुभेन्दु अधिकारीले मुर्शिदाबादको रेलवे स्टेशनमा भएको आगजनीको **NIA** छानबिनका लागि रेलमन्त्री श्री अश्विनी वैष्णवलाई पत्र लेख्नु भएको छ। पुलिस महानिर्देशकले उडन्ते खबरमा ध्यान नदिन र कानून व्यवस्थालाई आफ्नो हातमा नलिन क्षेत्रका जनतालाई अपिल गर्नुभएको छ।

प्रभावित क्षेत्रमा अर्धसैनिक बल तैनाथ गरिएको छ र वरिष्ठ पुलिस अधिकारीहरूले गस्ती गरिरहेका छन्। हिंसात्मक घटनामा संलग्न रहेको आरोपमा ११८ जनालाई पक्राउ गरिएको छ । नयाँ वक्फ संशोधन अधिनियमको विरोधमा हिजो मुर्शिदाबाद जिल्लामा ठूलो संख्यामा अपराधीहरूले घर, दोकान, सरकारी सम्पत्ति र पुलिस गाडीमा आगजनी गरेका थिए।

भाजपा-अर्थव्यवस्था

भारतीय जनता पार्टीले अमेरिकी शुल्कका कारण विश्व अर्थतन्त्रमा अनिश्चितता भए तापनि भारतीय अर्थतन्त्र बलियो रहेको र भारतमा अमेरिकी शुल्कको प्रभाव निकै न्यून हुने बताएको छ । पार्टी प्रवक्ता श्री सैयद जफर इस्लामले भन्नुभएको छ, भारतको अर्थतन्त्र आत्मनिर्भर छ र द्रुत गतिमा अघि बढिरहेको छ। उहाँले नरेन्द्र मोदी सरकारका नीतिगत निर्णयका कारण भारतीय अर्थतन्त्र बलियो भएको बताउनु भयो । श्री जफरले सन् २०१४ मा सत्तामा आएलगत्तै मोदी सरकारले तल्लो तहमा आर्थिक क्रान्ति ल्याएको हो भन्दै प्रधानमन्त्री जन धन योजना र मुद्रा योजना धेरै प्रभावकारी भएको बताउनुभयो।

छत्तीसगढ र जम्मू कश्मीर भिडन्त

छत्तीसगढको बिजापुर जिल्लामा सुरक्षा बल र माओवादीबीच भएको भिडन्तमा तीन माओवादी मारिएका छन् । सीआरपीएफको कोब्रा बटालियन, जिल्ला रिजर्व गार्ड र विशेष कार्य बलको संयुक्त टोलीले इन्द्रावती वन्य क्षेत्रमा नक्सल विरोधी अभियान सञ्चालन गरिरहेको थियो। अपरेशनका क्रममा आज बिहान सुरक्षाकर्मी र माओवादीबीच भिडन्त शुरु भयो । सुरक्षा बलले मारिएका नक्सलवादीहरुको शव नियन्त्रणमा लिएको छ। यसका साथै घटनास्थलबाट ठूलो परिमाणमा हातहतियार र गोलाबारुद पनि प्राप्त भएको छ । यस क्षेत्रमा खोजी कार्य जारी छ ।

अर्कोतिर, जम्मू कश्मीरको किश्तवाड जिल्लाको छत्रु वन्य क्षेत्रमा सुरक्षा बलले तीन आतंककारीलाई मारेका छन्। घटनास्थलबाट ठूलो परिमाणमा हातहतियार र गोलीबारुद प्राप्त भएको छ। शुक्रबारदेखि सुरु भएको यो भिडन्त शनिबार पनि जारी रह्यो ।

यसैबीच, गए राति भारतीय सेनाले जम्मु कश्मीरको अखनूर सेक्टरमा नियन्त्रण रेखामा अनुप्रवेश गर्ने आतंककारीहरूको प्रयासलाई विफल बनाएको छ। भिडन्तमा सेनाका एकजना अधिकारी शहीद भएका छन्।

## अन्तर्राष्ट्रीय युवा सम्मेलन

सिक्किमको पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने उद्देश्यले आजदेखि दक्षिण सिक्किमको नाम्ची जिल्ला अन्तर्गत याङगाङमा तीन दिवसीय अन्तराष्ट्रीय युवा सम्मेलन शुरु भएको छ। सम्मेलनको उद्घाटन आज राज्यका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गर्नुभयो।

सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डन विभागले आय़ोजना गरेको यस सम्मेलनमा दीर्घमियादी पर्यटन विकास र सांस्कृतिक संरक्षणतर्फ सिक्किमका प्रयासहरूको मूल्याङ्कन गर्नका साथै भविष्यको मार्ग खजिने प्रयास गरिँदैछ।

सम्मेलनलाई सम्बोधन गर्दै मुख्यमन्त्री श्री तामाङले यस सम्मेलनले राज्यको पर्यटन विकासमा नयाँ अध्याय थपिने विचार व्यक्त गर्नुभयो।

## तेलंगाना-ट्री-म्यान

तेलंगानामा ट्री-म्यान भनेर चिनिएका डाक्टर दारिपल्ली रमैयाको आज निधन भएको छ। डा. रमैया केही समयदेखि बिराम हुनुहुन्थ्यो । पर्यावरण संरक्षणमा उल्लेखनीय योगदान पुर्‍याएबापत डा. रमैया पद्मश्रीबाट सम्मानित हुनुभएको थियो। उहाँले आफ्नो जीवनकालमा एक करोडभन्दा धेरै बिरुवा रोपेर पर्यावरण संरक्षणमा अतुलनीय योगदान दिनुभएको छ। डा. रमैयाको निधनमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गहिरो शोक प्रकट गर्नुभएको छ।

## भारतीय वनस्पति सर्वेक्षण

भारत सरकारको पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालय अन्तर्गत शीर्ष अनुसन्धान सङ्गठन भारतीय वनस्पति सर्वेक्षणद्वारा गान्तोकमा शुक्रबार वनस्पति वर्गिकरण, सङ्ग्रह तकनिकी तथा वनस्पतिको पहिचान सम्बन्धी स्थल आधारित व्यावहारिक प्रशिक्षण आयोजना गरिएको थियो।

क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान, भारतीय अलैंची अनुसन्धान संस्थान, मसला बोर्ड, नामग्याल इन्स्टिट्युट अव् टिबोटोलजी, सिक्किम विश्वविद्यालय, नरबहादुर भण्डारी सरकारी महाविद्यालय, उत्तरबङ्ग विश्वविद्यालय तथा जीबी पन्त राष्ट्रिय हिमाली पर्यावरण संस्थानका प्रतिभागीले प्रशिक्षणमा भाग लिएका थिए।

## हनुमान जयन्ती

आज चैत्र पूर्णिमा। आज देशभरि हनुमान जयन्ती भक्ति, उत्साह र हर्षोल्लासका साथ पालन गरियो । यस अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई शुभकामना दिनु भएको छ।

शास्त्र अनुसार रामभक्त हनुमानलाई आठ सिद्धि र नौ निधिका दाता भनिएको छ । यसका अतिरिक्त मारुति, केशरी नन्दन, पवनसुत, महावीर, संकट मोचन जस्ता विभिन्न नामले पनि हनुमानलाई चिनिन्छ। हनुमान पृथ्वीमा बसेर आफ्ना भक्तहरूको समस्या समाधान गर्ने एकमात्र देवता हुन् भन्ने जनविश्वास रहेको छ। आज देशभरिका प्रमुख मठ मन्दिरहरूमा पुजा अर्चनाका साथै हनुमान चालिसा, सुन्दरकाण्ड र अखण्ड रामायण पाठ गरिएका छन्।

## इन्डियन सुपर लीग

इन्डियन सुपर लिग फुटबलको फाइनल खेल अहिले कोलकाताको विवेकानन्द युवा भारती क्रिडाङ्गनमा मोहन बागान सुपर जाइन्ट्स र बेंगलुरु एफसीबीच शुरु भएको छ। इन्डियन सुपर लिगको फाइनलमा मोहन बागान पाँचौंपल्ट खेलिरहेको छ।

सेमिफाइनलमा जमशेदपुर एफसीलाई २ गोलले पराजित गर्दै मोहन बागानले फाइनलमा प्रवेश गरेको हो। बेंगलुरुले गोवालाई २-१ गोल अन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो।

आईपीएल क्रिकेट

आईपीएल टी-२० क्रिकेटमा अहिले हैदरावादको राजीव गान्धी अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा पञ्जाब किंग्स र सनराइजर्स हैदरावादको खेल शुरु भएको छ। हैदरावादले यो सिजनमा एउटा मात्र खेल जित्न सफल भएको छ र हाल तालिकाको पुछारमा रहेको छ। अर्कोतिर पञ्जाब किंग्स ६ अंकसहित पाँचौं स्थानमा रहेको छ।

आईपीएलमा आज भएको पहिलो खेलमा लखनउ सुपर जाइन्ट्सले गुजरात टाइटन्सलाई पराजित गरेको छ ।

मुख्य समाचार फेरि एकपल्ट

- पश्चिम बङ्गालको मुर्शिदाबाद हिंसामा तीनजनाको मृत्यु, धर्मको नाममा हिंसा नगर्न मुख्यमन्त्री सुश्री बेनर्जीको अपील
- भारतीय जनता पार्टीले अमेरिकी शुल्कको प्रभाव भारतमा न्यून हुने बतायो
- छत्तीसगढमा तीन माओवादी अनि जम्मू कश्मीरमा तीन आतङ्ककारी मारिए
- पर्यटन क्षेत्रको विकासका लागि सिक्किममा शुरु भयो अन्तराष्ट्रीय युवा सम्मेलन
- इन्डियन सुपर लिग फुटबलको फाइनल भिडन्त मोहन बागान र बेंगलुरुमाझ हुँदै, अनि
- आईपीएल क्रिकेटमा अहिले पञ्जाब र हैदराबादको भिडन्त हुँदै

  आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो